# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ४) सैनामैना नगरपालिका, १२ पौष २०७७ साल (संख्या १३**


## भाग–२

**सैनामैना नगरपालिका, रूपन्देही**

## कार्यविधिको नामः कोभिड–१९ संक्रमितको उपचारका लागि कोरोना विशेष अस्थाई अस्पताल संचालन सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण सैनामैना नगरपालिका क्षेत्रभित्र तीव्र गतिमा दिन प्रतिदिन वढ्दै गइरहेको र यसको संक्रमण समुदायस्तरमा फैलिसकेको अवस्था छ। बढ्दो संक्रमण दरका कारण संक्रमण रोकथाम तथा नियन्त्रण र संक्रमितको व्यावस्थापन चुनौतिपूर्ण बन्दै गइरहेको छ। संक्रमितको व्यवस्थापनको सन्दर्भमा हाल दिनानुदिन लक्षण सहितका विरामीको संख्या अत्यधिक बढिरहेको छ र अस्पतालहरुमा वेड

अभावका कारण सामान्य लक्षण देखिएका विरामीलाई उपचार गर्नको लागि र होम आइसोलेसनका लागि तोकिए वमोजिमको न्युनतम मापदण्ड नभएको अवस्थामा लक्षण नदेखिएका संक्रमित समेत आइसोलेसन केन्द्रमा राख्नुपर्ने भएकोले सैनामैना नगरपालिकाबाट संचालन हुने गरि **"कोरोना विशेष अस्थाई अस्पताल"** को परिकल्पना गरिएको छ। उक्त कोरोना विशेष अस्थाई अस्पताल संचालनका लागि आवश्यक भौतिक पूर्वधार, जनशक्ति रफोहरमैला व्यावस्थापन लगायतका अन्य प्राविधिक विषयको न्युनतम कार्य निर्धारण गर्न आवश्यक भएकोले सैनामैना नगरपालिकाले **"कोभिड-१९ संक्रमितको उपचारका लागि कोरोना विशेष अस्थाई अस्पताल संचालन सम्वन्धि कार्यविधि, २०७७"** जारी गरेको छ।

## परिच्छेद-एक

## <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**कोभिड १९ संक्रमितको उपचारका लागि कोरोना विशेष अस्थाई अस्पताल संचालन सम्वन्धी कार्यविधि २०७७**" रहेको छ।

ख) यो कार्यविधि सैनामैना नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"कोभिड-१९"** भन्नाले विश्व स्वास्थ्य संगठनको परिभाषा अनुरुप हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई जनाउदछ।

ख) **"संक्रमित"** भन्नाले कोभिड-१९ बाट संक्रमित व्यक्ति सम्झनुपर्दछ।

ग) **"आइसोलेसन"** भन्नाले कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण र संक्रमितको उपचारका लागि संक्रमितले अलग्गै एक्लै बस्नुपर्ने अवस्थालाई वुझ्नुपर्दछ।

घ) **"होम आइसोलेसन"** भन्नाले नेपाल सरकारले तोकेको मापदण्ड वमोजिम संक्रमित घरैमा आइसोलेसनमा रहने अवस्था सम्झनुपर्दछ।

ङ) **"आइसोलेसन केन्द्र"** भन्नाले संक्रमितलाई आइसोलेसनमा राख्न नेपाल सरकार/प्रदेश सरकार, स्थानीय तहको मापदण्ड वमोजिम संचालन गरेको आइसोलेसन केन्द्रलाई सम्झिनुपर्छ।

च) **"कोभिड अस्पताल"** भन्नाले संक्रमितको उपचारका लागी संचालनमा रहेको अस्पताललाई सम्झनुपर्दछ।

छ) **"नगरपालिका"** भन्नाले सैनामैना नगरपालिका सम्झनुपर्दछ।

ज) **"कोरोना विशेष अस्थाई अस्पताल"** भन्नाले यस मापदण्ड वमोजिम सैनामैना नगरपालिकाले संचालन गर्ने कोरोना विशेष अस्थाई अस्पताललाई सम्झनुपर्दछ।

**३. कार्यविधिको औचित्यः**

क) कोभिड-१९ को वढ्दो संक्रमण दरका कारण संक्रमण रोकथाम तथा नियन्त्रण र संक्रमितहरुको व्यावस्थापन चुनौतिपूर्ण बन्दै गहीरहेको अवस्थामा सामान्य वा मध्यम लक्षण देखिएका संक्रमितहरुलाई उपचार गर्न अत्यावश्यक रहेकाले।

ख) होम आइसोलेसनमा वस्नको लागि होम आइसोलेसनका लागि तोकिएको मापदण्ड नभएका लक्षण नदेखिएको संक्रमितलाइ तत्काल आइसोलेसनमा राख्नुपर्ने भएकाले।

## परिच्छेद-दुई
## कोरोना विशेष अस्थाई अस्पताल सम्वन्धि कार्यविधि

**४. कोरोना विशेष अस्थाई अस्पतालमा रहने संक्रमितहरुः**

क) कोरोना विशेष अस्थाई अस्पतालमा लक्षण नभएका, सामान्य र मध्यम लक्षण भएका संक्रमितहरुलाई मात्र राख्नुपर्नेछ।

ख) कोरोना विशेष अस्थाई अस्पतालमा बस्नको लागि संक्रमितले पालना गर्नुपर्ने पक्षहरुको बारेमा अनुसूची १ बमोजिम गराई मात्र राख्नुपर्नेछ।

ग) कोरोना विशेष अस्थाई अस्पतालमा यस मापदण्डमा उल्लेखित बाहेकको सेवा सुविधा नहुने भएकाले र निजलाई व्यावहारिक रुपमा अनुसूची १ भराउन मुनासिव नदेखिएमा नगरपालिकाको कोरोना विशेष अस्थाई अस्पतालमा आएका संक्रमितले यो स्वीकार गरि आएको मानिनेछ।

घ) कोरोना विशेष अस्थाई अस्पतालमा बसेका संक्रमितको दैनिक कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

ङ) संक्रमितको स्वास्थ्यमा कडा जटिलता देखिएमा तुरुन्तै नजिकको कोभिड अस्पतालमा प्रेषण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

**५. कोरोना विशेष अस्थाई अस्पतालको संरचनागत व्यावस्थाः**

क) आइसोलेसनमा बस्ने संक्रमितहरु बीच कम्तिमा २ मिटरको भौतिक दुरी अनिवार्य रुपमा कायम हुनेगरी व्यावस्थापन गर्नुपर्ने छ।

ख) संक्रमितहरुलाई सकेसम्म छुटै कोठामा राख्ने व्यवस्था मिलाउनु पर्नेछ। एउटा कोठामा एकभन्दा वढी संक्रमित राख्नु परेमा संक्रमितहरुले प्रयोग गर्ने बेड र कुर्सीलाई कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्नुपर्ने छ।

ग) संक्रमितहरु वस्ने कोठामा उपयुक्त भेन्टिलेसनको व्यावस्थापन गर्नु पर्नेछ। आवश्यकता अनुसार पंखा र विजुलीको व्यवस्था गर्नुपर्ने छ।

घ) कोरोना विशेष अस्थाई अस्पतालमा बस्ने संक्रमितहरुको सुरक्षाको सुनिश्चितताको लागि हरेक झ्याल, ढोका र भेन्टिलेसनमा चुक्कुलको र झ्यालको व्यवस्था गर्नुपर्ने छ।

ङ) कोरोना विशेष अस्थाई अस्पतालमा बस्ने संक्रमितहरुको मनोरंजन र सुचना आदानप्रदानको लागि इन्टरनेट/वाईफाईको व्यवस्था मिलाउनु पर्नेछ।

च) सकेसम्म हरेक संक्रमितको लागि छुटै शौचालय र स्नानघर र सावुनको व्यवस्था मिलाउनुपर्ने छ। एउटा शौचालय र स्नानघर एकभन्दा बढी संक्रमितले प्रयोग गर्नुपर्ने भएमा पुरुष र महिलाका लागि छुटाछुटै शौचालय र स्नानघरको व्यवस्था गर्नुपर्ने छ साथै शौचालय र स्नानघर सफाइको लागि हार्पिक, ब्रुश, पोछा, फेनोल, महिलाको लागि सेनिटरि प्याड र प्रयोग गरेको सेनेटरी प्याड राख्ने ब्रिको भएको भाडो (डस्ट विन) को व्यवस्थापन गर्नुपर्नेछ।

छ) कोरोना विशेष अस्थाई अस्पतालमा पिउने पानीको उचित व्यवस्था गर्नुपर्नेछ।

ज) सकेसम्म संक्रमितहरुको हेरचाह र सुरक्षामा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अन्य कर्मचारी र आगन्तुकका लागि छुटै प्रवेशद्वार, शौचालय, स्नानघर र हातधुने स्टेसनहरूको व्यवस्था गर्नुपर्नेछ।

झ) संक्रमितहरुका लागि आवश्यक पर्ने औषधि, उपकरण, अन्य स्वास्थ्य सामग्री तथा अभिलेख सम्वन्धि कागजातहरु सुरक्षित साथ राख्ने प्रयोजनका लागि स्वास्थ्य स्टेसनको व्यवस्था मिलाउनुपर्ने छ।

**६. मानवश्रोतको व्यवस्था**

क) कोरोना विशेष अस्थाई अस्पतालमा निम्न वमोजिमको मानवश्रोत व्यवस्था गर्नुपर्ने छः-

- १ जना डाक्टर
- १०जना पारामेडीक्स वा नर्स
- १० जना सफाई र भान्सामा काम गर्ने कर्मचारी

ख) उपदफा (क) वमोजिमका कर्मचारीहरुको ड्युटी रोस्टर ८/८ घण्टाको हुनेछ।

ग) आवश्यकता अनुसार नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थामा रहेका कर्मचारीलाई परिचालन गर्नसकिनेछ ।

घ) कोरोना विशेष अस्थाई अस्पतालमा प्रयाप्त सुरक्षाको व्यवस्था मिलाउनुपर्नेछ ।

७. **क्लिनिकल व्यवस्थाः**

क) कोरोना विशेष अस्थाई अस्पतालमा हरेक संक्रमितको नियमित स्वास्थ्य जाच गरि व्यक्तिगत प्रोफाइलको अभिलेख अधावधिक गरि राख्नुपर्ने छ। प्रत्येक दिन कम्तिमा २ पटक शरीरको तापक्रम, नाडीको गति, अक्सिजन लेवल, स्वासप्रस्वासको गति लिने तथा स्वास्थ्य समस्या भए/नभएको विवरण लिने व्यवस्था मिलाउनुपर्नेछ।

ख) संक्रमितले चिकित्सकको प्रेस्क्रीप्सन अनुसारको औषधि खाए/नखाएको सुनिश्चित गर्ने र नियमित खाने औषधि सकिएको भएमा सो को व्यवस्था मिलाउनुपर्ने छ ।

ग) संक्रमितलाई नियमितरुपमा मनोपरामर्श (मनोसामाजिक परामर्श) दिने व्यवस्था गर्नुपर्ने छ।

घ) स्वास्थ्यकर्मीले आवश्यक ठानेमा वा संक्रमितले स्वास्थ्यमा कुनै पनि किसिमको जटिलता महसुस गरेमा थप जाच वा उपचारको लागि प्रेषण गर्ने व्यवस्था मिलाउनुपर्ने छ।

ङ) चिकित्सिक वा स्वास्थ्यकर्मीले प्रयोगशाला परिक्षण वा रेडियोलोजी परिक्षण को आवश्यकता परेमा अन्य अस्पतालमा प्रेषण गर्न सक्नेछन ।

८. **औषधि उपकरण तथा अन्य स्वास्थ्य सामग्री सम्वन्धि व्यवस्थाः**

क) आवश्यकता अनुसार स्टेथेस्कोप,डिजिटल थर्मोमीटर, डिजिटल बि पी सेट, टर्च लाइट, पल्स अक्सिमिटर,अक्सिजन मास्क,नेजल प्रोङ,

एमवु ब्याग, ग्लुकोमीटर, मल्टी प्यारामिटर सहितको मोनिटर र जाचका लागि चाहिने अन्य आवश्यक सामाग्रीहरु।

ख) अनुसूची २ अनुसारका औषधिहरु

ग) अक्सिजन सिलिन्डर वा कन्सनट्रेटर (कम्तिमा १:१०)

घ) व्यक्तिगत सुरक्षा कवच (पी पी ई) का सामग्री

ङ) संक्रमणजन्य र अन्य फोहोर व्यावस्थापनका लागि चाहिने फोहोर फाल्ने भाडो, प्लास्टिक झोला, विन तथा सार्प वाकसहरु।

**९. संक्रमणजन्य फोहोर व्यावस्थापनः**

क) कोरोना विशेष अस्थाई अस्पतालमा नियमित प्रयोग हुने स्थान तथा सताहहरुको नियमित सरसफाइको प्रबन्ध मिलाउनु पर्नेछ।

ख) कोरोना विशेष अस्थाई अस्पतालबाट निस्किने सबै फोहोरलाई संक्रमणजन्य फोहोर ठानी फोहोर व्यावस्थापन गर्नुपर्ने छ।

ग) फोहोर व्यवस्थापनका लागि कोरोना विशेष अस्थाई अस्पतालमा निम्नअनुसारका सामाग्रीहरुको व्यवस्था हुनुपर्ने छः-

- अटोक्लेभ/Boiling गर्ने साधन
- ट्रली
- ब्रिको भएका फोहोर फाल्ने भाडाहरू
- निसंक्रमण र निर्मलीकरण गर्न चाहिने सामाग्रीहरु

**१०. कोरोना रोकथाम सम्वन्धि व्यवस्थाः**

कोरोना विशेष अस्थाई अस्पताल बाट संक्रमण फैलिन नदिन मुख्यत ४ किसिमका सुरक्षा विधिहरु अवलम्बन गर्नुपर्ने छः-

क) साधारण सावधानीका उपायहरु

- सवै संक्रमितहरुको रगत, रगतजन्य पदार्थहरु, श्रावहरु, छाला, तथा म्युकस मेम्ब्रेनहरु नछुने र हातको सरसफाई, व्यक्तिगत सुरक्षाका सामग्रीको प्रयोग, प्रयोग भएका सुइबाट बच्ने,

फोहोरजन्य पदार्थको समुचित बिसर्जन र वातावरणीय सरसफाई गर्ने।

ख) ड्रपलेट बाट बच्ने उपायहरु

- सबै संक्रमितहरुले नियमित रुपमा मास्कको प्रयोग गर्ने।
- मास्क नलगाएको बेला खोक्दा टिस्यु पेपर, रुमाल वा हातको कुहिनाले छोप्ने।
- थुक जथाभावी नफाली ब्रिको सहितको डस्टविनमा जम्मा गरि गाड्ने।

ग) सम्पर्कबाट बच्ने उपायहरु

- नियमित साबुन पानी वा सेनीटाईजरले हात धुने।
- कम्तिमा २ मिटरको भौतिक दुरी कायम राख्ने।
- मोवाइल फोन, एस एम एस वा इन्टरनेटको माध्यमबाट सूचना आदानप्रदान गर्ने।

**११. खाना सम्वन्धि व्यवस्थाः**

क) कोरोना विशेष अस्थाई अस्पतालमा रहेका संक्रमित र खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुलाई दिनमा ४ पटक स्वास्थ्य र पोषिलो (आवस्यकता अनुसार माछा, मासु, अन्डा, फलफुल, सागपात)प्रति दिन प्रतिव्यक्ति रु २००/- नबढ्ने गरि खाना खुवाउने प्रवन्ध मिलाउनुपर्नेछ।

ख) पिउने पानीको उचित प्रवन्ध हुनुपर्नेछ।

ग) हरेक विरामीलाई खाना कागजको कन्टेनरमा प्याकेजिंग गरि दिनुपर्नेछ र खाना खाएपछि कागजको कन्टेनरलाई विरामी आफैले फोहोर विसर्जन गर्ने खाल्डोमा लगेर फ्याक्नुपर्नेछ।

घ) विरामीलाई खाना पुर्याउन संलग्न व्यक्तिले व्यक्तिगत सुरक्षा उपायहरु अवलम्वन गर्नुपर्नेछ।

**१२. प्रेषण तथा एम्वुलेन्स सम्वन्धि व्यवस्था**

क) संक्रमितहरुलाई कुनैपनि स्वास्थ्य समस्या देखिएमा नजिकको कोभिड अस्पतालसग समन्वय गरि तुरन्तै एम्वुलेन्समा राखेर उक्त अस्पतालमा पठाउनुपर्नेछ।

ख) संक्रमितलाई अस्पताल प्रेषण गर्दा सम्वन्धित अस्पताल र निजका आफन्तहरुलाई समेत अग्रिम जानकारी गराउनुपर्नेछ।

ग) प्रेषण गर्दा निजसग सम्वन्धित सवै अभिलेखहरु राम्रोसग प्लास्टिक व्यागमा सिल गरि फाइल अस्पतालमा पुग्ने गरि निज वा निजको आफन्त वा एम्वुलेन्स चालकलाई हस्तान्तरण गर्नुपर्नेछ।

घ) एम्वुलेन्स चालक र संक्रमितसगै जाने अन्य व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु प्रयोग गरेको सुनिश्चित गर्नुपर्नेछ।

ङ) कोरोना विशेष अस्थाई अस्पतालको लागि कम्तिमा एउटा एम्वुलेन्स २४ सै घण्टा तयारी अवस्थामा राख्नुपर्नेछ।

च) संक्रमितले एकपटक प्रयोग गरिसकेको एम्वुलेन्सलाई राम्रोसग सफा र नि संक्रमण गरेपश्चात मात्र पुन प्रयोगमा ल्याउनुपर्नेछ।

**१३. आगन्तुकहरुको व्यावस्थापनः**

क) संक्रमित र निजको परिवार वा आफन्तविचको भेटघाटलाई निरुत्साहित गर्नुपर्ने छ।

ख) संक्रमित र निजका परिवार वा आफन्त विचको संवादका लागि मोवाइल फोन/इन्टरनेट प्रयोग गर्न उत्प्रेरित गर्नुपर्नेछ।

**१४. कोरोना विशेष अस्थाई अस्पतालमा रहने संक्रमित व्यक्तिहरुले पालना गर्नुपर्ने आचार संहिता देहाय वमोजिम हुनेछः-**

क) व्यक्तिगत स्वास्थ्य सुरक्षा सजकताका साथ अनिवार्य पालना गर्ने।

ख) स्वास्थ्यकर्मी वा कोरोना विशेष अस्थाई अस्पतालमा खटिएका कर्मचारीको निर्देशन पालना गर्नुपर्नेछ।

ग) सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी वन्ने।

घ) जाति, धर्म,वर्ण, लिङ्ग, भाषा, भेसभूसा, भेग वा अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने।

ङ) सुर्तीजन्य, नसालु तथा मादक पदार्थ सेवन नगर्ने।

च) असिस्ठ, अभद्र र अस्वभाविक आचरण नगर्ने।

छ) रिसाउने, झैझगडा गर्ने र घाउचोट पुर्याउने कार्य नगर्ने।

ज) सभ्य र शोभनीय पोशाक मात्र लगाउने।

झ) कुनैपनि नकारात्मक गतिविधि, लोभलालच, होहल्ला, अत्याउने कार्य, अनावश्यक टिका टिप्पणी नगर्ने।

ञ) तोकिएको स्थानमा मात्र रहने।

ट) अरुलाई वाधा हुने वा हिनतावोध गराउने कार्य नगर्ने/ नगराउने।

ठ) शान्त र सौहार्दपूर्ण वातावरण सिर्जना गर्न सहयोग गर्ने।

ड) कुनै पनि किसिमको पसुपंक्षी/प्राणी कोरोना विशेष अस्थाई अस्पतालक्षेत्रमा देखिए सो को जानकारी कर्मचारी वा सुरक्षाकर्मीलाई गराउने।

ढ) कोरोना विशेष अस्थाई अस्पतालमा रहेका संक्रमित व्यक्तिहरु भाग्ने वा भाग्ने कोसिस गरेको देखेमा वा संका लागेमा तुरुन्त सुरक्षाकर्मी/ कर्मचारीलाई खवर गर्ने।

ण) कोरोना विशेष अस्थाई अस्पतालमा उपलव्ध सुविधाहरु आपसी समझदारीमा उपभोग गर्ने।

त) उपलव्ध सामानहरुको हिफाजत र समुचित प्रयोग गर्ने।

**१५. कोरोना विशेष अस्थाई अस्पतालमा खटिने व्यक्तिहरुले आचरण सम्वन्धि पालना गर्नुपर्ने नियमहरु देहाय वमोजिम हुनेछन्:-**

क) प्रभावकारी ढंगबाट अनुसासनको पालना गर्दै मितव्याही तरिकाले कार्यसम्पादन गर्ने।

ख) व्यक्तिगत स्वास्थ्य सुरक्षाको अनिवार्य पालना गर्ने।

ग) तोकिएको जिम्मेवारीलाई दायित्वबोध गरी संवेदनसिल भएर कार्यसम्पादन गर्ने नियमित प्रतिवेदन माथिल्लो तह/नगरपालिकामा पेश गर्ने।

घ) सबैसग नम्र र मिजासिलो व्यवाहार गर्ने।

ङ) कोरोना विशेष अस्थाई अस्पतालमा रहेका संक्रमितहरुसग अनावश्यक भेटघाट, गफगाफ नगर्ने।

च) आवश्यकता र औचित्यको आधारमा मात्र सूचना सम्प्रेषण गर्ने तोकिएको व्यक्तिले मात्र सूचना प्रवाह गर्ने।

**१६. सुविधा सम्वन्धि व्यवस्था**

क) कोरोना विशेष अस्थाई अस्पतालमा खटिने सबै कर्मचारीहरुलाई ५० देखि १०० प्रतिसत सम्म सुरु तलव स्केलको दरमा थप सुविधा नगरपालिकाले उपलव्ध गराउन सक्ने छ। कुन तहलाई कति प्रतिशत सुविधा दिने विषयमा नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ।

ख) कोरोना विशेष अस्थाई अस्पतालमा खटिने कर्मचारीको ड्युटी रोस्टर अधावधिक राख्नुपर्नेछ। उक्त ड्युटी रोस्टर र हाजिरी स्वास्थ्य शाखा प्रमुखले प्रमाणित गरेपछि मात्र सुविधा उपलव्ध हुनेछ।

ग) कोरोना विशेष अस्थाई अस्पतालमा इन्टरनेट, विधुत, खानेपानी, अस्पताल शैयाको व्यवस्था नगरपालिकाले उपलव्ध गराउनुपर्नेछ।

**१७. औषधि सम्वन्धि व्यवस्था**

क) कोरोना विशेष अस्थाई अस्पतालमा प्राप्त औषधि र खर्च भएको औषधिको विवरण अध्यावधिक गर्नुपर्नेछ र कुन विरामीलाई कुन औषधि दिएको हो रजिस्टरमा विवरण राख्नुपर्नेछ।

ख) स्वास्थ्य शाखा प्रमुखले प्रत्येक १५/१५ दिनमा कोरोना विशेष अस्थाई अस्पतालमा भएको प्रगति, अवस्था र समस्या भए सो समेत उल्लेख गरि नगरपालिकामा पेश गर्नु कर्तव्य हुनेछ।

ग) बिरामीको प्रकृति हेरी आवस्यकता अनुसार औषधि खरिद गर्न सकिने छ।

**१८. विविध**

क) यस कार्यविधिमा उल्लेख भएका विषयमा उल्लेख भयेवामोजिम हुने र अन्य विषयमा प्रचलित कानुन वमोजिम हुनेछ।

ख) यो कार्यविधि अस्पताल संचालन भएका मितिदेखि लागु हुनेछ।

ग) यो कार्यविधि नेपालको संविधान, संघीय कानुन र प्रदेश कानुनसग वाझिएमा स्वत खारेज हुनेछ।

घ) कोरोना महामारी अन्त्य भएपछि कोरोना विशेष अस्थाई अस्पताल सम्वन्धि कार्यविधि स्वत निस्क्रिय हुनेछ।

## अनुसूची-१

## कोरोना विशेष अस्थाई अस्पतालमा बस्नका लागि आवश्यक मंजुरिनामा

## मंजुरिनामा

म........................ (संक्रमितको नाम, थर) वर्ष ........को महिला/पुरुष/ अन्य ...............न पा/गा पा वार्ड न ....टोल ..... निवासी र नागरिता न. (विदेशीको हकमा पासपोर्ट न).....................वाहाक व्यक्ति कोरोना विशेष अस्थाई अस्पतालमा बस्नका लागि यस मंजुरिनामामा उल्लेखित सर्त तथा मापदण्डहरुको पूर्ण पालना गर्नेछु। यसका साथै प्रत्यक दिन आफ्नो स्वास्थ्य अवस्थाको जानकारी यस अस्पताल/स्वास्थ्य सस्था/आइसोलेसन केन्द्रले तोकेको व्यक्तिलाई उपलव्ध गराउनेछु। कोरोना विशेष अस्थाई अस्पतालमा रहदा कुनै थप जटिलता भएमा सोको जिम्मेवार म/मेरो परिवार स्वमं हुनेछु।यस मंजुरिनामामा उल्लेखित कुनै प्रावधानहरुको अवज्ञा गरेको ठहरिएमा संक्रामक ऐन २०२० को दफा ३ वमोजिम कारवाही/ सजाय सहुला बुझाउला।

**तोकिएको स्वास्थ्यकर्मीको विवरणः**

नाम/थरः-

सम्पर्क न.:

मंजुरिनामामा सहि छाप गर्ने व्यक्तिकोनामः

सहिः

सम्पर्क न :

अभिभावकको नाम र सम्पर्क नः

साक्षीः

नाम थरः

सम्पर्क नः

## अनुसूची-२

# कोरोना विशेष अस्थाई अस्पतालमा चिकित्सकको प्रेसक्रिप्सन अनुसार विरामीको उपचार गर्ने औषधिको विवरण

1. Paracetamol - 500 mg tablet, 300mg/1000mg injection
2. Zinc sulphate 20 mg tablet
3. Cefixime 200 mg/400 mg tablet
4. Metronidazole 400 mg/200 mg tablet,500 mg injection
5. Vitamin B complex tablet
6. Oral Rehydration Solution
7. Ceftrixone 1 gm injection
8. Tazar(Pipracilline & Tazobactum)4.5 Gm Injection
9. Hydrocortisone 100 mg injection
10. Pantoprazole injection 40 mg
11. Hyocine Butyl Bromide(Hybro) 10/20 mg Tablet, 10/20mg injection
12. Gentamycin 80 mg injection
13. Dexomethasone injection 8 mg
14. Levofloxacin 500mg injection
15. Diclofenac 75 mg injection
16. Keterolac 30 mg injection
17. Atropine Injection
18. Adrenaline injection
19. Ibrufen 400 mg tablet
20. Cetrizine 10 mg tablet
21. Chlorpheneramine 4 mg tablet
22. Cotromoxazole 480/960 mg tablet
23. Salbutamol 4mg tablet
24. Tinidazole 500mg tablet
25. Azithromycin 500mg Tablet
26. Ferrous sulphate and folic acid
27. Amoxycillin 500/250 mg tablet
28. Omeprazole 20mg Capsule

29. Anticold Tablet
30. Ondensteron Tablet 4 mg
31. Ranitidine 150mg Tablet
32. Albendazole 400mg Tablet
33. Paracetamol Syrup
34. Frusemide 80 mg tablet, injection
35. Codine Phospate 15 mg tablet
36. Amlodipine 5 mg Tablet
37. Domperidone 10 mg tablet
38. Ciprofloxacin Eye ear drop
39. Benzoic acid+ salisalic acid ointment
40. Dermivate cream
41. Detuss syrup
42. inj Ampicillin
43. Evil Injection
44. Flucloxacillin Tablet
45. Morphine Injection
46. Clindamycin Injection
47. Cefodoxamine Tablet
48. Losartan Tablet
49. Asthalin Inhalor (Salbutamol)
50. Ipravent Inhalor (Ipratorium bromide)
51. Metformin 500mg tablet
52. Lorazepam 1 mg tablet
53. Promethazine 25 mg tablet
54. Amitryptalline 10 mg tablet
55. Ampicillin 500mg injection

प्रमाणीकरण मितिः २०७७/०९/१२

आज्ञाले
**टेकराज पन्थी**
प्रमुख प्रशासकीय अधिकृत